नेपाल सरकार
# पूर्वाधार विकास मन्त्रालय
कर्मचारी प्रशासन शाखा

फोन नं.४२११४३३
फ्याक्सः ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-०८२/८३ (खानेपानी)
चलानी नः-

मितिः २०८३/०३/०१
नेपाल संवत् ११४६

## मस्यौदा उपर राय सुझाव पठाउने सम्बन्धी सूचना

उपर्युक्त विषयमा खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई समसामयिक सुधार गर्न "खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को मस्यौदा तर्जुमा गरिएको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा(२) को प्रयोजनार्थ सर्वसाधारणबाट राय सुझावको लागि उक्त मस्यौदा उपर कुनै राय,सुझाव भएमा यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र मन्त्रालयको इमेल ठेगाना info@mows.gov.np मा उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै उक्त विधेयकको मस्यौदा मन्त्रालयको वेवसाईट https://mows.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

२०८३/०३/०१

# खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "खानेपानी तथा सरसफाइ (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ मा संशोधन: खानेपानी तथा सरसफाइ ऐन, २०७९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) झिकिएको छ।

(२) खण्ड (च) मा रहेको "सञ्चालन" भन्ने शब्दपछि "तथा व्यवस्थापन" भन्ने शब्दहरु थपिएका छन्।

(३) खण्ड (त) मा रहेको "शब्दले" भन्ने शब्दपछि "वर्षातको समयमा सतही बग्ने तथा" भन्ने शब्दहरु थपिएका छन्।

(४) खण्ड (थ) मा रहेको "खानेपानी" भन्ने शब्दपछि "तथा ढल व्यवस्थापन" भन्ने शब्दहरु थपिएका छन्।

(५) खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छः-

"(थ१) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल व्यवस्थापन विभाग सम्झनु पर्छ।"

(६) खण्ड (फ) पछि देहायको खण्ड (फ१) थपिएको छः-

"(फ१) "स्थलगत सरसफाइ" भन्नाले ढल प्रणाली रहित क्षेत्रमा स्थलगत रूपमा मानव मलमूत्रजन्य फोहोरको संकलन, भण्डारण, प्रशोधन तथा सुरक्षित बिसर्जनसम्बन्धी कार्य सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ५ मा संशोधन: मूल ऐनको दफा ५ को उपदफा (२) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ।

"(च१) खानेपानीको स्रोत तथा मुहानको उचित संरक्षण र व्यवस्थापनका लागि नक्साङ्कन गर्ने,"

४. मूल ऐनको दफा ६ मा संशोधन: मूल ऐनको दफा ६ मा रहेको "मूल" भन्ने शब्दको सट्टा "स्रोत" भन्ने शब्द राखिएको छ।

५. मूल ऐनको दफा ८ मा संशोधन: मूल ऐनको दफा ८ को उपदफा (२) को,-

(१) खण्ड (क) को,-

(क) उपखण्ड (३) झिकिएको छ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

(ख) उपखण्ड (७) को सट्टा देहायको उपखण्ड (७) राखिएको छः-

"(७) नेपाल सरकारले तोकिए बमोजिमको खानेपानी तथा सरसफाइ, फोहोरपानी प्रशोधन तथा व्यवस्थापन, ढल निर्माण तथा व्यवस्थापन र मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन आयोजना,"

(ग) उपखण्ड (८) पछि देहायको उपखण्ड (९) थपिएको छः-

"(९) भूमिगत पानी उपयोगसम्बन्धी मापदण्ड तर्जुमा र सो को नियमन।"

(२) खण्ड (ख) को,-

(क) उपखण्ड (१) झिकिएको छ।

(ख) उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छः-

"(२) तोकिए बमोजिमको खानेपानी तथा सरसफाइ, फोहोरपानी प्रशोधन तथा व्यवस्थापन, ढल निर्माण तथा व्यवस्थापन र मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन आयोजना,"

(३) खण्ड (ग) को,-

(क) उपखण्ड (४) को सट्टा देहायको उपखण्ड (४) राखिएको छः-

"(४) तोकिए बमोजिमको खानेपानी तथा सरसफाइ, फोहोरपानी प्रशोधन तथा व्यवस्थापन, ढल निर्माण तथा व्यवस्थापन र मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन आयोजना,"

(ख) उपखण्ड (५) पछि देहायका उपखण्ड (६), (७), (८), (९) र (१०) थपिएका छन्ः-

"(६) फोहोरपानी व्यवस्थापन प्रणालीबाट निस्कासन हुने प्रशोधित ठोस तथा तरल पदार्थको व्यवस्थापन,

(७) स्थलगत सरसफाइको व्यवस्थापन तथा नियमन,

(८) सेप्टिक ट्याङ्कको मानव मलमूत्रजन्य फोहोर सफा गर्ने ट्याङ्कर सेवा सञ्चालनको अनुमति तथा सो को नियमन,

(९) वातावरणीय स्वच्छता कायम गर्ने, गराउने,

(१०) खानेपानीको स्रोत वा मुहानको पुनर्भरण क्षेत्रहरुको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्ने।"

६. <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ को,-

(१) उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले गठन तथा स्थापना भएका प्राधिकरण, संस्थान, बोर्ड, समितिका साथै खानेपानी

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भएका नाफारहित सामुदायिक उपभोक्ता संस्थाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न,"

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) को खण्ड (ग) बमोजिमको सङ्गठित संस्थाको कार्यसम्पादन सूचक मूल्याङ्कनका आधारमा सेवा सुधारका लागि दिइएको निर्देशन एवम् सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित शर्त अनुसार व्यवस्थापकीय सुधार गरी सेवा सञ्चालन गर्नु पर्नेछ।"

(३) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६), (७), (८) र (९) थपिएका छन्:-

"(४) उपदफा (३) बमोजिम सूचीकृत हुनको लागि उपभोक्ता संस्थाले निवेदन दिँदा प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाणपत्र, उपभोक्ता समूहको विधान, सेवा प्रवाहको विवरण, बहालवाला कार्यसमितिका पदाधिकारीहरूको नाम र ठेगाना सहितको विवरण तथा तोकिए बमोजिमका अन्य विवरण समेत संलग्न गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचीकृत हुनको लागि परेको निवेदन उपर सम्बन्धित स्थानीय तहले आवश्यक जाँचबुझ गरी निवेदन परेको मितिले पन्ध्र दिनभित्र सूचीकृतको प्रमाणपत्र दिनु पर्नेछ।

(६) उपदफा (३) मा तोकिएको अवधिभित्र सम्बन्धित स्थानीय तहमा सूचीकृत हुन नआउने उपभोक्ता संस्थालाई सम्बन्धित स्थानीय तहले सेवा सञ्चालन तथा व्यवस्थापनको वैकल्पिक व्यवस्था गरी सो उपभोक्ता संस्थाको विघटन तथा दर्ता खारेजी गर्न सिफारिस गर्न सक्नेछ र यसरी विघटन तथा दर्ता खारेजी गर्न सिफारिस भै आएमा उपभोक्ता संस्था दर्ता गर्ने निकायले त्यस्तो संस्थाको दर्ता खारेज गरी विघटन गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम उपभोक्ता संस्थाको विघटन र दर्ता खारेजी गर्नु अघि उपभोक्ता संस्थालाई मनासिब कारणसहित सफाइ पेश गर्ने ७ दिनको मौका दिनु पर्नेछ।

(८) यो ऐन प्रारम्भ भएपछि सामूहिक लाभको लागि खानेपानी तथा सरसफाइ आयोजनाको विकास तथा सञ्चालन गरी त्यसबाट लाभान्वित हुन चाहने व्यक्तिहरूले समावेशी सिद्धान्तका आधारमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गरी सम्बन्धित स्थानीय तहको कानूनबमोजिम दर्ता गर्नु पर्नेछ।

(९) यस दफा बमोजिम स्थानीय तहमा दर्ता तथा सूचीकृत भएका उपभोक्ता संस्थाहरुले प्रत्येक तीन वर्षमा नवीकरण गर्नु पर्नेछ।"

७. <u>मूल ऐनको दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः-

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

"२८. **महसुल निर्धारण**ः (१) खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने उपभोक्ताले तिर्नु पर्ने महसुल निर्धारण यस ऐनमा उल्लेखित आधारको अतिरिक्त मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम देहायको निकायले गर्नेछः-

(क) नेपाल सरकारको स्वामित्व रहेको सङ्गठित संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी तथा सरसफाइ सेवाको हकमा सम्बन्धित सङ्गठित संस्थाले,

(ख) खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भएका नाफारहित सामुदायिक उपभोक्ता संस्थाको हकमा सम्बन्धित स्थानीय तहसँग समन्वय तथा परामर्श गरी सम्बन्धित उपभोक्ता संस्थाले।"

८. **मूल ऐनको दफा ३२ मा संशोधनः** मूल ऐनको दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः-

"३२. **महसुल निर्धारण गर्ने आधारः** (१) खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा सेवा सञ्चालनको लागत, उपभोक्ता मूल्य सूचीको परिवर्तन, खानेपानी तथा सरसफाइ सेवाको सम्बन्धमा नेपाल सरकारको नीति तथा मापदण्ड, विदेशी मुद्राको विनिमय दर तथा ह्रास कट्टी समेतको आधारमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आधारमा महसुल निर्धारण गर्दा उपभोक्ताको बृहत्तर हितलाई ध्यानमा राखी पानीको गुणस्तर, उपभोक्ताको क्रयशक्ति तथा सेवाको स्तर समेतलाई विचार गर्नु पर्नेछ ।

(३) महसुल निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

९. **मूल ऐनको दफा ३३ मा संशोधनः** मूल ऐनको दफा ३३ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएका छन्:-

"(१) नेपाल सरकार आफैंले वा सङ्गठित संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गरेको वा आफ्नो नियन्त्रण वा स्वामित्वमा रहेको खानेपानी तथा सरसफाइ आयोजनालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत मन्त्रालयले निर्धारण गरे बमोजिमको नीति तथा मापदण्डको अधीनमा रही महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।"

१०. **मूल ऐनको दफा ४१ मा संशोधनः** मूल ऐनको दफा ४१ को उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख), (३ग), (३घ) र (३ङ) थपिएका छन्-

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

"(३क) यस दफा बमोजिम निरीक्षकले निरीक्षण गर्दा कुनै व्यक्ति वा सङ्गठित संस्थाले निरीक्षण गर्न नदिएमा, निजले मागेको विवरण वा जानकारी नदिएमा, झुट्टा विवरण दिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा, मन्त्रालयद्वारा स्वीकृत मापदण्ड पालना नगरेमा वा सम्बन्धित निरीक्षकले दिएको निर्देशन पालना नगरेमा त्यस्तो व्यक्ति वा सङ्गठित संस्थालाई निरीक्षकले तत्काल देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ:-

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म,

(ख) निरीक्षणको क्रममा माग गरेका विवरण वा जानकारी नदिएमा वा झुट्टा विवरण दिएमा वा निरीक्षणमा असहयोग गरेमा दस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म,

(ग) उपदफा (३) बमोजिम दिइएको निर्देशन तथा मन्त्रालयद्वारा स्वीकृत मापदण्ड पालना नगरेमा सेवाप्रदायक व्यक्ति वा संस्थालाई पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म।

(३ख) उपदफा (३क) बमोजिम निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले उक्त सजायको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र विभागको महानिर्देशक समक्ष सजाय पुनरावलोकन निवेदन पेश गर्न सक्नेछ।

(३ग) यस दफा बमोजिम भएको अनुगमन तथा निरीक्षणको प्रतिवेदन र निर्णय निरीक्षकले महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ।"

(३घ) यस दफा बमोजिम गरेको सजाय पुनरावलोकन निवेदन उपर महानिर्देशकले तीस दिनमा निर्णय गर्नु पर्नेछ।

(३ङ) उपदफा (३घ) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले महानिर्देशकबाट निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

११. <u>मूल ऐनको दफा ५२ मा संशोधन:</u> मूल ऐनको दफा ५२ को उपदफा (१) मा रहेको "पानीको" भन्ने शब्दपछि "पुनर्भरण र प्रभावकारी" भन्ने शब्दहरु थपिएका छन्।

१२. <u>मूल ऐनमा दफा ५९क. थप:</u> मूल ऐनको दफा ५९ पछि देहायको दफा ५९क. थपिएको छ:-

"५९क. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।"

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
काठमाडौं

१३. <u>मूल ऐनको दफा ६० मा संशोधनः</u> मूल ऐनको दफा ६० को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन्-

"(५) दफा २८ बमोजिमको महसुल निर्धारण आयोग खारेज गरिएको छ।

(७) महसुल निर्धारण आयोगबाट भए गरेका काम कारवाही तथा आयोगको नाममा रहेको चल, अचल सम्पत्ति तथा दायित्व मन्त्रालयमा सर्नेछ।"

१४. <u>खारेजीः</u> मूल ऐनको दफा २९, ३० र ३१ खारेज गरिएका छन्।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

# "खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| क्र.स | संशोधन गर्नु पर्ने दफा | हालको व्यवस्था | प्रस्तावित संशोधनको व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २ मा संशोधन | (ग) "आयोग" भन्नाले दफा २८ बमोजिमको खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग सम्झनु पर्छ।<br>(च) "उपभोक्ता संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ।<br>(त) "फोहोरपानी" भन्नाले खानेपानीको घरेलु तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहित फोहोरपानी सम्झनु पर्छ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ।<br>(थ) "मन्त्रालय" भन्नाले खानेपानी सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ। | खानेपानी तथा सरसफाइ ऐन, २०७९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-<br>(१) खण्ड (ग) झिकिएको छ।<br>(२) खण्ड (च) मा रहेको "सञ्चालन" भन्ने शब्दपछि "तथा व्यवस्थापन" भन्ने शब्दहरु थपिएका छन्।<br>(३) खण्ड (त) मा रहेको "शब्दले" भन्ने शब्दपछि "वर्षातको समयमा सतही बग्ने तथा" भन्ने शब्दहरु थपिएका छन्।<br>(४) खण्ड (थ) मा रहेको "खानेपानी" भन्ने शब्दपछि "तथा ढल व्यवस्थापन" भन्ने शब्दहरु थपिएका छन्।<br>(५) खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छ:-<br>"(थ१) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल व्यवस्थापन विभाग सम्झनु पर्छ।"<br>(६) खण्ड (फ) पछि देहायको खण्ड (फ१) थपिएको छ:-<br>"(फ१) "स्थलगत सरसफाइ" भन्नाले ढल प्रणाली रहित क्षेत्रमा स्थलगत रूपमा मानव मलमूत्रजन्य फोहोरको संकलन, भण्डारण, प्रशोधन तथा सुरक्षित बिसर्जनसम्बन्धी कार्य सम्झनु पर्छ।" | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४५६५ मिति २०८३/०१/३१ को पत्रको मर्म अनुसार खानेपानी तथा सरसफाइ सेवा निर्धारण आयोग खारेज गर्नु उपयुक्त भएकोले।<br>• फोहोरपानीको परिभाषामा वर्षातको समयमा सतही बग्ने पानी समेत समावेश गर्न आवश्यक रहेकोले।<br>• परिभाषा खण्डमा थप तथा घट गर्नु परेकोले। |
| २. | मूल ऐनको दफा ५ मा संशोधन | | मूल ऐनको दफा ५ को उपदफा (२) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ। | • पानीको स्रोत तथा मुहानको संरक्षणमा थप |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

"खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| | | | | |
|---|---|---|---|---|
| | | | "(च१) खानेपानीको स्रोत तथा मुहानको उचित संरक्षण र व्यवस्थापनका लागि नक्साङ्कन गर्ने," | व्यवस्था गर्न आवश्यक रहेकोले। |
| ३. | मूल ऐनको दफा ६ मा संशोधन | दफा ६. **नागरिकको कर्तव्यः** पानीको मूल वा मुहान सफा राख्नु संरक्षण .र सवर्द्धन गर्नु र दिगोरुपले उपयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ। | मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ-,<br>"दफा ६. नागरिकको कर्तव्यः सतही तथा भूमिगत पानीको स्रोत, मूल वा मुहान सफा राख्नु संरक्षण .र सवर्द्धन गर्नु र दिगोरुपले उपयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।" | सतही तथा भूमिगत पानीको स्रोत मूल वा मुहान सफा राख्नु संरक्षण र सवर्द्धन गर्नु र दिगोरुपले उपयोग गर्नु आबश्यक भएकोले |
| ४. | मूल ऐनको दफा ८ को उपदफा (२) मा संशोधन | (क) नेपाल सरकारको जिम्मेवारी र दायित्वः<br>(३) तोकिए बमोजिमको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा तोकिए बमोजिमको जनसङ्ख्यालाई खानेपानी तथा सरसफाइ सेवा पुर्‍याउने आयोजना,<br>(५) तोकिए बमोजिमका ठूलालगानी आवश्यक पर्ने बहुउद्देश्यीय फहोरमैला | मूल ऐनको दफा ८ को उपदफा (२) को,-<br>(१) खण्ड (क) को,-<br>(क) उपखण्ड (३) झिकिएको छ।<br>(ख) उपखण्ड (७) को सट्टा देहायको उपखण्ड (७) राखिएको छः-<br>"(७) नेपाल सरकारले तोकिए बमोजिमको खानेपानी तथा सरसफाइ, फोहोरपानी प्रशोधन तथा व्यवस्थापन, ढल निर्माण तथा व्यवस्थापन र मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन आयोजना,"<br>(ग) उपखण्ड (८) पछि देहायको उपखण्ड (९) थपिएको छः-<br>"(९) भूमिगत पानी उपयोग सम्बन्धी मापदण्ड तर्जुमा र सो को नियमन।" | • लागत अनुमान जनसङ्ख्याको threshol व्यवहारिक नभएकोले झिकिएको।<br>• नेपाल सरका कार्यविस्तृतीकरण प्रतिवेदनले प्रष्ट ग आवश्यक रहेकोले।<br>• स्थानीय तहलाई थ अधिकार दिनु उपयुक्त भएकोले। |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | प्रशोधन तथा व्यवस्थापन गर्ने कार्य,<br>(ख) प्रदेश सरकारको जिम्मेवारी र दायित्वः<br>(१) तोकिए बमोजिमको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा तोकिए बमोजिमको जनसङ्ख्यालाई खानेपानी तथा सरसफाइ सेवा पुर्याउने आयोजना,<br>(७) नेपाल सरकारले तोके बमोजिमको आयोजना।<br>(ग) स्थानीय तहको जिम्मेवारी र दायित्वः<br>(४) तोकिए बमोजिमको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा जनसङ्ख्यालाई खानेपानी सेवा पुर्याउने आयोजना, | (२) खण्ड (ख) को,-<br>(क) उपखण्ड (१) झिकिएको छ।<br>(ख) उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छः-<br>"(२) तोकिए बमोजिमको खानेपानी तथा सरसफाइ, फोहोरपानी प्रशोधन तथा व्यवस्थापन, ढल निर्माण तथा व्यवस्थापन र मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन आयोजना,"<br>(३) खण्ड (ग) को,-<br>(क) उपखण्ड (४) को सट्टा देहायको उपखण्ड (४) राखिएको छः-<br>"(४) तोकिए बमोजिमको खानेपानी तथा सरसफाइ, फोहोरपानी प्रशोधन तथा व्यवस्थापन, ढल निर्माण तथा व्यवस्थापन र मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन आयोजना,"<br>(ख) उपखण्ड (५) पछि देहायका उपखण्ड (६), (७), (८), (९) र (१०) थपिएका छन्:-<br>"(६) फोहोरपानी व्यवस्थापन प्रणालीबाट निस्कासन हुने प्रशोधित ठोस तथा तरल पदार्थको व्यवस्थापन,<br>(७) स्थलगत सरसफाइको व्यवस्थापन तथा नियमन, | |



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# "खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| | | | | |
|---|---|---|---|---|
| | | | (८) सेप्टिक ट्याङ्कको मानव मलमूत्रजन्य फोहोर सफा गर्ने ट्याङ्कर सेवा सञ्चालनको अनुमति तथा सो को नियमन,<br>(९) वातावरणीय स्वच्छता कायम गर्ने, गराउने,<br>(१०) खानेपानीको स्रोत वा मुहानको पुनर्भरण क्षेत्रहरुको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्ने।" | |
| ५. | मूल ऐनको दफा ९ को उपदफा (२) मा संशोधन | (ग) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण, सम्बर्द्धनको कार्य र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता समूहहरुले त्यस्तो कार्य तथा सेवा सञ्चालन गर्न, | मूल ऐनको दफा ९ को,-<br>(१) उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ-<br>"(ग) प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले गठन तथा स्थापना भएका प्राधिकरण, संस्थान, बोर्ड, समितिका साथै खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भएका नाफारहित सामुदायिक उपभोक्ता संस्थाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न," | • प्रचलित कानून वमोजिम खानेपानी तथ सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले गठन तथ स्थापना भएका संस्थान बोर्ड, समितिका साथै खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथ व्यवस्थापन गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भएका गैर-नाफामुलक सामुदायिक उपभोक्त संस्थाले सोही कामक लागि छुट्टै अनुमतिप लिनुपर्ने प्रावधान रा बान्छनीय नहुने भएकोले |
| | | उपदफा (२) पछि उपदफा (२क) थप। | (२) उपदफा (२) पछि देहायका उपदफा (२क) थपिएको छः-<br>"(२क) उपदफा (२) को खण्ड (ग) बमोजिमको सङ्गठित संस्थाको कार्यसम्पादन सूचक मूल्याङ्कनका आधारमा सेवा सुधारका | |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

## "खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| | | | | |
|---|---|---|---|---|
| | | | लागि दिइएको निर्देशन एवम् सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित शर्त अनुसार व्यवस्थापकीय सुधार गरी सेवा सञ्चालन गर्नु पर्नेछ।" | • उपभोक्ता संस्थाको नियमन<br>स्थानीय तहले गर्न उपयुक्त<br>हुने भएकोले<br>• खानेपानी तथा सरसफाइ<br>सेवा सञ्चालन तथ<br>व्यवस्थापन गर्नको लागि<br>नयाँ उपभोक्ता संस्थाको<br>दर्ता सम्बन्धित स्थानीय<br>तहमा गर्नु उपयुक्त हु<br>भएकोले |
| | | उपदफा (३) पछि उपदफा (४), (५) र (६) थप। | (३) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६), (७), (८) र (९) थपिएका छन्:-<br>"(४) उपदफा (३) बमोजिम सूचीकृत हुनको लागि उपभोक्ता संस्थाले निवेदन दिँदा प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाणपत्र, उपभोक्ता समूहको विधान, सेवा प्रवाहको विवरण, बहालवाला कार्यसमितिका पदाधिकारीहरूको नाम र ठेगाना सहितको विवरण तथा तोकिए बमोजिमका अन्य विवरण समेत संलग्न गर्नु पर्नेछ।<br>(५) उपदफा (४) बमोजिम सूचीकृत हुनको लागि परेको निवेदन उपर सम्बन्धित स्थानीय तहले आवश्यक जाँचबुझ गरी निवेदन परेको मितिले पन्ध्र दिनभित्र सूचीकृतको प्रमाणपत्र दिनु पर्नेछ।<br>(६) उपदफा (३) मा तोकिएको अबधिभित्र सम्बन्धित स्थानीय तहमा सूचीकृत हुन नआउने उपभोक्ता संस्थालाई सम्बन्धित स्थानीय तहले सेवा सञ्चालन तथा व्यवस्थापनको बैकल्पिक व्यवस्था गरी सो उपभोक्ता संस्थाको विघटन तथा दर्ता खारेजी गर्न | |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# "खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| | | | | |
|---|---|---|---|---|
| | | | सिफारिस गर्न सक्नेछ र यसरी विघटन तथा दर्ता खारेजी गर्न सिफारिस भै आएमा उपभोक्ता संस्था दर्ता गर्ने निकायले त्यस्तो संस्थाको दर्ता खारेज गरी विघटन गर्नु पर्नेछ।<br>(७) उपदफा (४) बमोजिम उपभोक्ता संस्थाको विघटन र दर्ता खारेजी गर्नु अघि उपभोक्ता संस्थालाई मनासिब कारणसहित सफाइ पेश गर्ने ७ दिनको मौका दिनु पर्नेछ।<br>(८) यो ऐन प्रारम्भ भएपछि सामूहिक लाभको लागि खानेपानी तथा सरसफाइ आयोजनाको विकास तथा सञ्चालन गरी त्यसबाट लाभान्वित हुन चाहने व्यक्तिहरूले समावेशी सिद्धान्तका आधारमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गरी सम्बन्धित स्थानीय तहको कानूनबमोजिम दर्ता गर्नु पर्नेछ।<br>(९) यस दफा बमोजिम स्थानीय तहमा दर्ता तथा सूचीकृत भएका उपभोक्ता संस्थाहरुले प्रत्येक तीन वर्षमा नवीकरण गर्नु पर्नेछ।" | |
| ६. | मूल ऐनको दफा २८ मा संशोधन | ........................ | मूल ऐनको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः-<br>"२८. <u>महसुल निर्धारणः</u> (१) खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने उपभोक्ताले तिर्नु पर्ने महसुल निर्धारण यस ऐनमा | • प्रधानमन्त्री तथ मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४५६५ मिति २०८३/०१/३१ को |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# "खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| | | | | |
|---|---|---|---|---|
| | | | उल्लेखित आधारको अतिरिक्त मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम देहायको निकायले गर्नेछः-<br>(क) नेपाल सरकारको स्वामित्व रहेको सङ्गठित संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी तथा सरसफाइ सेवाको हकमा सम्बन्धित सङ्गठित संस्थाले,<br>(ख) खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भएका नाफारहित सामुदायिक उपभोक्ता संस्थाको हकमा सम्बन्धित स्थानीय तहसँग समन्वय वा परामर्श गरी सम्बन्धित उपभोक्ता संस्थाले।" | पत्रको मर्म अनुसार खानेपानी तथा सरसफाइ सेवा निर्धारण आयोग खारेज गर्नु उपयुक्त भएकोले।<br>• उपभोक्ता संस्थाबाट सञ्चालन तथा व्यवस्थापन हुने खानेपानी तथ सरसफाइ सेवाको महसुल स्थानीय सरकार सञ्चालन ऐनको मर्म अनुसा स्थानीय तहसँग समन्वय गरी गैर-नाफामुलक सामुदायिक उपभोक्त संस्था आफैले निर्धारण गर्न उपयुक्त हु भएकोले। |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

## "खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| | | | | |
|---|---|---|---|---|
| ७. | मूल ऐनको दफा ३२ मा संशोधनः | दफा ३२ को सट्टा नयाँ प्रावधान राखिएको। | मूल ऐनको दफा ३२ को सट्टा देहायको प्राबधान राखिएको छः-<br>"३२. <u>महसुल निर्धारण गर्ने आधारः</u> (१) खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा सेवा सञ्चालनको लागत, उपभोक्ता मूल्य सूचीको परिवर्तन, खानेपानी तथा सरसफाइ सेवाको सम्बन्धमा नेपाल सरकारको नीति तथा मापदण्ड, विदेशी मुद्राको विनिमय दर तथा, हास कट्टी समेतको आधारमा गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको आधारमा महसुल निर्धारण गर्दा उपभोक्ताको वृहत्तर हितलाई ध्यानमा राखी पानीको गुणस्तर, उपभोक्ताको क्रयशक्ति तथा सेवाको स्तर समेतलाई विचार गर्नु पर्नेछ ।<br>(३) महसुल निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४५६५ मिति २०८३/०१/३१ को पत्रको मर्म अनुसार आयोग खारेज गर्नु उपयुक्त भएकोले। |
| ८. | मूल ऐनको दफा ३३ मा संशोधन | ३३. <u>महसुल, शुल्क वा सेवा शुल्क लिन पाउने अधिकारः</u>(१) नेपाल सरकार आफैंले वा सङ्गठित संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गरेको वा आफ्नो नियन्त्रण वा स्वामित्वमा रहेको खानेपानी तथा सरसफाइ आयोजनालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग | मूल ऐनको दफा ३३ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएका छन्:-<br>"(१) नेपाल सरकार आफैंले वा सङ्गठित संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गरेको वा आफ्नो नियन्त्रण वा स्वामित्वमा रहेको खानेपानी तथा सरसफाइ आयोजनालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।<br>(२) अनुमतिपत्र प्राप्त संस्थालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत मन्त्रालयले निर्धारण गरे | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४५६५ मिति २०८३/०१/३१ को पत्रको मर्म अनुसार आयोग खारेज गर्नु उपयुक्त भएकोले। |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

"खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| | | | | |
|---|---|---|---|---|
| | | गरे बापत आयोगले निर्धारण गरे बमोजिमको महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।<br>(२) अनुमतिपत्र प्राप्त संस्थालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत आयोगले निर्धारण गरे बमोजिमको आधार र मापदण्डको अधीनमा रही महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ। | बमोजिमको नीति तथा मापदण्डको अधीनमा रही महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।" | |
| ९. | मूल ऐनको दफा ४१ मा संशोधन | दफा ४१ को उपदफा (३) पछि उपदफा (३क), (३ख) र (३ग) थप। | मूल ऐनको दफा ४१ को उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख), (३ग), (३घ) र (३ङ) थपिएका छन्-<br>"(३क) यस दफा बमोजिम निरीक्षकले निरीक्षण गर्दा कुनै व्यक्ति वा सङ्गठित संस्थाले निरीक्षण गर्न नदिएमा, निजले मागेको विवरण वा जानकारी नदिएमा, झुट्टा विवरण दिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा, मन्त्रालयद्वारा स्वीकृत मापदण्ड पालना नगरेमा वा सम्बन्धित निरीक्षकले दिएको निर्देशन पालना नगरेमा त्यस्तो व्यक्ति वा सङ्गठित संस्थालाई निरीक्षकले तत्काल देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः-<br>(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा पच्चीस हजार | खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर र मापदण्डको कार्यान्वयन अनुगमन र निगरानी कार्यलाइ प्रभावकारी बनाउन निरीक्षकलाइ वाताबरण संरक्षण ऐनमा वाताबरण निरीक्षकलाई भए सरहको अधिका प्रदान गर्न उपयुक्त हुने भएकोले |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | रुपैयाँदेखि एक लाख रुपैयाँसम्म,<br>(ख) निरीक्षणको क्रममा माग गरेका विवरण वा जानकारी नदिएमा वा झुट्टा विवरण दिएमा वा निरीक्षणमा असहयोग गरेमा दस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म,<br>(ग) उपदफा (३) बमोजिम दिइएको निर्देशन तथा मन्त्रालयद्वारा स्वीकृत मापदण्ड पालना नगरेमा सेवाप्रदायक व्यक्ति वा संस्थालाई पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म।<br>(३ख) उपदफा (३क) बमोजिम निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले उक्त सजायको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र विभागको महानिर्देशक समक्ष सजाय पुनरावलोकन निवेदन गर्न सक्नेछ।<br>(३ग) यस दफा बमोजिम भएको अनुगमन तथा निरीक्षणको प्रतिवेदन र निर्णय निरीक्षकले महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ।<br>(३घ) यस दफा बमोजिम गरेको सजाय पुनरावलोकन निवेदन उपर महानिर्देशकले तीस दिनमा निर्णय गर्नु पर्नेछ।<br>(३ङ) उपदफा (३घ) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले त्यस्तो निर्णय महानिर्देशकबाट भएको मितिले पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न | |



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

"खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| | | | | |
|---|---|---|---|---|
| | | | सक्नेछ।" | |
| १०. | दफा ५२ मा संशोधनः | थप गरिएको। | मूल ऐनको दफा ५२ को उपदफा (१) मा रहेको "पानीको" भन्ने शब्दपछि "पुनर्भरण र प्रभावकारी" भन्ने शब्दहरु थपिएका छन्। | थप गर्न आवश्यक रहेकोले। |
| ११. | दफा ५९क. थपः | ----------------------------- | मूल ऐनको दफा ५९ पछि देहायको दफा ५९क. थपिएको छः- "५९क. <u>निर्देशिका,कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यक निर्देशिका,कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।" | बिधायन ऐन,२०८१ को मर्म अनुसार ऐन, नियम तथा मापदण्ड कार्यान्वयन गर्न आवश्यक मार्गदर्शन, निर्देशिका तथा कार्यविधि बनाउने अधिकार सम्बन्धित मन्त्रालयलाई दिनु उपयुक्त भएकोले । |
| १२. | मूल ऐनको दफा ६० मा संशोधन | दफा ६० को उपदफा (४) पछि उपदफा (५) र (६) थप। | मूल ऐनको दफा ६० को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन्- "(५) दफा २८ बमोजिमको महसुल निर्धारण आयोग खारेज गरिएको छ। (६) महसुल निर्धारण आयोगबाट भए गरेका काम कारवाही तथा आयोगको नाममा रहेको चल, अचल सम्पत्ति तथा दायित्व मन्त्रालयमा सर्नेछ।" | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४५६५ मिति २०८३/०१/३१ को पत्रको मर्म अनुसार आयोग खारेज गर्नु उपयुक्त भएकोले सो पश्चातको नयाँ प्राबधान राख्न |
| १३. | मूल ऐनको दफा २९, ३० र ३१ मा संशोधन | .................................... | <u>खारेजीः</u> मूल ऐनको दफा २९, ३० र ३१ खारेज गरिएका छन्। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४५६५ मिति २०८३/०१/३१ को पत्रको मर्म अनुसार खानेपानी तथा सरसफाइ |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

"खानेपानी तथा सरसफाइ ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक" को तीन महले विवरण

| | | | | |
|---|---|---|---|---|
| | | | | सेवा निर्धारण आयोग खारेज गर्नु उपयुक्त भएकोले |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं